दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड - ४ संख्या - ६ मितिः २०७८।०३।१८

**भाग - १**

| | |
|---|---|
| गाउँसभाबाट स्वीकृत मिति | २०७८।०३।१० |

**दुहुँ गाउँ पालिकाको आर्थिक ऐन २०७८**
**दुहुँ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

प्रस्तावना : दुहुँ गाउँपालिका आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथाशुल्क संकलन गर्ने, छुट दिने तथाआय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दुहुँ गाउसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ** (१) यस ऐन को नाम आर्थिक ऐन २०७८ रहेको छ।
(२) यो ऐन २०७८ साल श्रावण १ गते देखि दुहुँगाउँपालिका क्षेत्रमा लागु हुनेछ।

**२. सम्पत्ती कर :** गाउँपालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम एकिकृत सम्पत्ती कर / घर जग्गा कर लगाईने र असुलउपर गरिने छ।

**३. भूमिकर (मालपोत)** गाउँपालिका क्षेत्रभित्रका जग्गामा यस्तो जग्गाको उपभोगका आधारमा अनुसुची (२) बमोजिम भूमिकर (मालपोत) लगाईने र असुलउपर गरिने छ।सम्पत्ती कर लगाएको अवस्थामा भूमिकर नलाग्ने।

**४. घर जग्गाबहाल कर :**
गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा टप्पर जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहाल दिएकोमा त्यस्तो बहाल रकममा अनुसुची (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असुलगरिने छ।

**५. व्यवसाय कर :** गाउँपालिका क्षेत्र भित्र ब्यापार ब्यवसायवा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४) बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिने छ।

**६. जडी बुटी कवाडी र जीवजन्तु कर** :
गाउँपालिका क्षेत्र भित्रकुनै व्यक्ति वा संस्थाले उनखोटो जडी बुटी बनकस कवाडी माल र प्रचलित कानुनले निशेध गरेको जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जन्तुको हाड सिंङ, प्वाख, छाला, जस्ता बस्तुको ब्यवसायिक कारोबार गरे बापत अनुसुची (५) बमोजिमको कर लगाईने र असुलउपर गरिने छ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्र भित्रदर्ता भएका सवारी साधनहमा अनुसुची (६) बमोजिम सवारी साधन कर लगाइएन छ  र उक्त कर सम्बन्धीत प्रदेशले असुल गरी अन्तर सरकारी बित्तब्यवस्थापन ऐन २०७४ बमोजिम स्थानीयतहको विभाज्यकोष मार्फत गाउँपकालिकाको संचितकोषमा बाँडफाँड  गर्ने पर्नेछ।

**८. विज्ञापन कर :** गाउँपालिका क्षेत्र भित्रहुने विज्ञापनमा अनुसुची (७) बमोजिम विज्ञापन कर लगाईने र असुलउपर गरिने छ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्तब्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धीत प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्यकोषमा राजस्व बाँडफाड गर्नु पर्नेछ।

**९. मनोरञ्जन कर** :
गाउँपालिका क्षेत्र भित्रहुने मनोरञ्जन ब्यवसाय सेवामा अनुसुची (८) बमोजिम ब्यवसाय कर लगाईने र असुलउपर गरिने छ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्तब्यवस्थापन ऐन २०७४ बमोजिम सम्बन्धीत प्रदेशले निर्धारण गरेको मनोरञ्जन कर समेत संकलन गरी प्रदेश विभाज्यकोषमा राजस्व बाँडफाड गर्नु पर्नेछ।

**१०. बहाल विटौरी शुल्क :**
गाउँपालिका क्षेत्र भित्रआफुले  निर्माण, रेखदेख वा संचालन गरेका हाँट बजार पसल वा सरकारी जग्गामा अनुसुची (९) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाईने र असुलउपर गरिनेछ।

**११.सेवाशुल्क दस्तुर :**
गाउँपालिकाले निर्माण संचालन, वा व्यवस्थापन अनुसुची (१०) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहि बाट सोही अनुसुचीमा व्यवस्था भएअनुसार शुल्क लगाईने र अशुलउपर गरिने छ ।

**१२.गिट्टी बालुवा ढुंगा खानीउद्योग मा लगाइने कर :**
गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका गिट्टी बालुवा ढुंगा खानीउद्योग लगाए वापत अथवा उपयोग गरे बापत अनुसुची (११) मा उल्लेखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुलउपर गरिने छ ।

**१३. पर्यटन प्रबेश :**
गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरेका उद्यान, पार्क चिडियाखाना ऐतिहासिक तथा पुरावतात्वीक सम्पदा, संग्रहाल जस्ता सम्पदा उपयोग गरे बापत पर्यटकहरुबाट अनुसुची (१२) मा उल्लेखित दरमा पर्यटन प्रबेश शुल्क लगाईने र असुलउपर गरिने छ ।

**१४. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१५. कर तथाशुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

दुहुँ गाउपालिका दार्चुलाको मिति २०७८/०१/२४ मा बसेको राजस्व परामर्श समितिको बैठकमा पेश गरेको आ.व. २०७८/०७९ का लागि प्रस्तावित करको दर ।

**अनुसूची-१**

**1- एकीकृत सम्पति कर र घरजग्गा कर**

| क्र.सं. | विवरण | दर्ता/बार्षिक शुल्क रु. | वार्षिक नविकरण दस्तुर रु | जरिवाना दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 1 | छाप्रो, फुसको छाना भएको कच्ची घर कर प्रति वर्ष | 20.00 | | | |
| 2 | टीन, स्लेट ढुङ्गा, टायलको छाना भएको एक मझेलो घर कर प्रति वर्ष | 30.00 | | | |
| 3 | टीन, स्लेट ढुङ्गा, टायलको छाना भएको दुई मझेलो घर प्रति वर्ष | 60.00 | | | |
| 4 | टीन, स्लेट ढुङ्गा, टायलको छाना भएको दुई मझेलो भन्दा बढी घर प्रति वर्ष | 125.00 | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 5 | RCC घर ४ कोठा सम्मको प्रति वर्ष | 175.00 | | | |
| 6 | RCC घर ४ कोठा देखि १० कोठा सम्मको प्रति वर्ष | 275.00 | | | |
| 7 | RCC घर 10 कोठा भन्दा माथि आवासीय प्रयोजन प्रति वर्ष | 350.00 | | | |
| 8 | RCC घर 10 कोठा भन्दा माथि व्यवसायीक प्रयोजन प्रति वर्ष | 600.00 | | | |
| 9 | अचल सम्पत्ति मुल्याङ्कन | | | | |
| 9.1 | मुल्याङ्क अंकको रु १ लाख सम्म | 200 | | | |
| 9.2 | रु 1,00,001 देखी 5,00,000 सम्म | 250 | | | |
| 9.3 | रु 5,00,001 देखी 10,00,000 सम्म | 550 | | | |
| 9.4 | रु 10,00,001 देखी माथि | 0.२% ले हुन आउने रकम | | | |
| १० | घर जग्गामा रजिष्ट्रेशन शुल्क | प्रदेश सरकारले तोकेबमोजिम हुनेछ। | | | |
| ११ | प्रत्येक वर्ष माथि उल्लेखित कर नबुझाउने ब्याक्तिलाई प्रति वर्ष 40% का दरले जरिवाना थप्दै लैजाने। | | | | |

## अनुसूची-2

**2- भुमिकर (मालपोत)**

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | मालपोत कर खर फागलो १ रोपनी सम्म प्रति रोपनी | 8.00 | | | |
| 2 | मालपोत कर खर फागलो १ रोपनी भन्दा माथि प्रति रोपनी | 10.00 | | | |
| 3 | मालपोत कर खेति योग्य जमित 5 रोपनी सम्म प्रति रोपनी | 15.00 | | | |
| 4 | मालपोत कर खेति योग्य जमित 5रोपनी भन्दा माथि प्रति रोपनी | 20.00 | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 5 | मालपोत कर दार्चुला तिङकर सडकले छोएको १ रोपनी सम्म | 25.00 | | | |
| 6 | मालपोत कर दार्चुला तिङकर सडकले छोएकोमा १ रोपनी भन्दा माथि प्रति रोपनि | 30.00 | | | |
| ७ | प्रत्येक वर्ष मालपोत नबुझाउने ब्याक्तिलाई प्रति वर्ष 40% का दरले मालपोत जरिवाना थप्दै लैजाने। | | | | |

## अनुसूची-3

**३- घरजग्गा बहाल कर:-**

| | |
|---|---|
| १ | यस गाउँपालिका क्षेत्र भित्र घर, जग्गा, टहरो, छाप्रो, पसल,ग्यारेज,गाडी, मेसिनरी औजार, डोजर लगायत निर्माणका साधन लगायत र अन्य साधनहरु भाडामा लगाएमा भाडा रकमको १०% बहाल कर लगाउने। |

## अनुसूची-4

**४- व्यवसाय कर**

| क्र.सं. | विवरण | दर्ता सुल्क रु. | वार्षिक नविकरण दस्तुर रु | जरिवाना दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 1 | चिया, नास्ता पसल | 400.00 | 200.00 | 200.00 | |
| 2 | किराना पसल, खाद्यान्न पसल | 700.00 | 400.00 | 400.00 | |
| 3 | रेष्टुरेन्ट, होटल, बार | 2,000.00 | 500.00 | 500.00 | |
| 4 | खाद्यान्न पसल, किराना पसल र चिया नास्ता समेत भएको पसल | 1,000.00 | 600.00 | 600.00 | |
| 5 | घुम्ती पसल प्रति व्यवसायिक व्यक्ती (कपडा, भाँडावर्तन, सुनचाँदी, मूर्ती आदि) | 500.00 | 500.00 | 500.00 | |
| 6 | तयारी पोसाक वा काँचो कपडा पसल | 1,000.00 | 600.00 | 600.00 | |
| 7 | स्टेसनरी तथा खेलकुद सामग्री पसल | 1,000.00 | 500.00 | 500.00 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 8 | मासु पसल | 1,000.00 | 500.00 | 500.00 | |
| 9 | कपाल काट्ने सैलुन | 500.00 | 250.00 | 250.00 | |
| 10 | ब्यूटी पार्लर | 2,000.00 | 1,000.00 | 1,000.00 | |
| 11 | निर्माण सामग्री पसल | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| 12 | भाँडा पसल | 2,500.00 | 1,500.00 | 1,500.00 | |
| 13 | मोटर साइकल वर्कसप | 2,000.00 | 1,000.00 | 1,000.00 | |
| 14 | जिप, बस, ट्रक, ट्रेक्टर, वर्कसप | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| 15 | सामान्य औषधी पसल | 1,000.00 | 500.00 | 500.00 | |
| 16 | ल्याव, एक्सरे सहितको औषधी पसल | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| 17 | सून चाँदी पसल (सानो/ठुलो) | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| 18 | सामानको थोक बिक्रेत (गल्ला तथा किराना) | 5,000.00 | 2,500.00 | 2,500.00 | |
| 19 | टेलरीङ्ग पसल | 500.00 | 250.00 | 250.00 | |
| 20 | निर्माण व्यवसायी (घ) वर्ग | 11,000.00 | 3,000.00 | 3,000.00 | |
| 21 | निर्माण व्यवसायी (ग) वर्ग सिफारिस | 1,000.00 | - | - | |
| 22 | निर्माण व्यवसायी (ख) सिफारिस | 1,200.00 | - | - | |
| 23 | निर्माण व्यवसायी (क) सिफारिस | 1,500.00 | - | - | |
| 24 | ग्रिल उद्योग | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| 25 | फर्निचर उद्योग तथा व्यवसाय | 3,000.00 | 1,500.00 | 1,500.00 | |
| 26 | खाद्य उद्योग (पाउरोटी, चाउमीन, चाउचाउ) | 2,000.00 | 1,000.00 | 1,000.00 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 27 | लघु जल विद्युत आयोजना प्रति किलो वाट | 300.00 | 250.00 | 250.00 | |
| 28 | कुटानी पिसानी मिल | 5,000.00 | 2,500.00 | 2,500.00 | |
| 29 | घट्ट १२ महिने | 150.00 | 50.00 | 50.00 | |
| 30 | घट्ट ६ महिने | 75.00 | 25.00 | 25.00 | |
| 31 | घट्ट आंशिक रुपमा चल्ने | 25.00 | 10.00 | 10.00 | |
| 32 | अन्य उद्योग तथा ब्यबसाय | 2,000.00 | 300.00 | 300.00 | |
| 33 | कारोबार थप गर्दा थप गरेको कारोबारको ५० प्रतिशत थप शुल्क लाग्ने । | | | | |

## अनुसूची-5

**5- जडिबुटी, कवाडी र जीवजन्तु कर**

| | | |
|---|---|---|
| 1 | दुहुँ गाउँपालिका भित्रका जडिबुटी, कवाडी र जीवजन्तुमा लाग्ने कर नियमानुसार हुनेछ । | |

## अनुसूची-6

**6- सवारी साधन कर**

| | |
|---|---|
| १ | सवारी साधन कर प्रदेश सरकारले तोके बमोजिम हुनेछ । |

## अनुसूची-७

**७- विज्ञापन कर**

| | |
|---|---|
| 1 | होर्डिङ बोर्ड तथा भित्ते लेखनको प्रति स्क्वर फुट रु.500/- प्रति वर्षका दरले कर लगाउने। |

## अनुसूची-8

**८- मनोरञ्जन कर**

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | मेला संचालन प्रत्येक पटक | 1,000.00 | | | |

अनुसूची-9

**९- बहाल बिटौरी शुल्क**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सरकारी जग्गा भोक चलन गरेबापत | | | | |
| 1.1 | खरफागला प्रति रोपनी | 100.00 | | | |
| 1.2 | खेतियोग्य प्रति रोपनी | 200.00 | | | |
| 1.3 | घरबास | 300.00 | | | |
| २ | पटके सवारी | दुहुँ गाउँपालिका भित्रका पट्के सवारी र पार्किङमा लाग्ने शुल्क नियमानुसार हुनेछ। | | | |
| ३ | पार्किङ शुल्क | | | | |
| ४ | प्रत्येक वर्ष माथि उल्लेखित कर नबुझाउने ब्याक्तिलाई प्रति वर्ष 40% का दरले जरिवाना थप्दै लैजाने। | | | | |

**अनुसूची-10**

**१०- सेवा शुल्क**

| क्र.सं. | विवरण | दस्तुर रु. | वार्षिक नविकरण दस्तुर रु. | जरिवाना दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | **नागरिकताको सिफारिस** | | | | |
| 1.1 | बशंजको नागरिकताको सिफारिस | 100.00 | | | |
| 1.2 | बैवाहिक अङ्किकृत नागरिकताको सिफारिस | 200.00 | | | |
| 1.3 | नागरिकता प्रतिलिपि | 200.00 | | | |
| २ | **मालपोत सिफारीस** | | | | |
| २.१ | जग्गाधनी पुर्जाको प्रतिलिपी | 200.00 | | | |
| २.२ | कित्ता काट | 300.00 | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.३ | चार किल्ला प्रमाणित | 200.00 | | | |
| २.४ | घरपाताल (घरको सर्जमिन मुचुल्का गरेवापत) | 200.00 | | | |
| २.५ | मरुवाको सरुवा/नामसारि | 300.00 | | | |
| २.६ | जग्गाधनी पुर्जामा घर कायम | 300.00 | | | |
| २.७ | जग्गाधनी पुर्जामा फोटो टाँस | 200.00 | | | |
| २.८ | जग्गा हकदार/हकवाला | 300.00 | | | |
| ३ | दलित, अपांग,अल्पसंख्यक र एकल महिलाका लागि सिफारिस शुल्कमा ५०% छुट हुनेछ । | | | | |
| ४ | **योजना सिफारिस** | | | | |
| ४.१ | सम्झौता, प्रथम किस्ता पेश्कि र खाता सञ्चालन एउटै सिफारिस | पाँच लाख सम्म 100, पाँच लाख देखि वीस लाख सम्म 200 वीस लाख देखि पचास लाख सम्म 300 र पचास लाख देखि माथि 400 सिफारिस दस्तुर | | | |
| ४.२ | अन्तिम भुक्तानी | | | | |
| ४.३ | धरौटी र खाता बन्द | | | | |
| ५ | अन्य सिफारिस (उल्लेखित भन्दा बाहेकका) | 150.00 | | | |
| ६ | नाता प्रमाणित दस्तुर | 150.00 | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | प्रमाणित नेपालको प्रयोजन | 100.00 | | | |
| ८ | प्रमाणित बैदेसिक प्रयोजन | 500.00 | | | |
| ९ | निवेदन दस्तुर | 15.00 | | | |
| १० | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | नेपाल सरकारको नियमानुसार हुनेछ। | | | |
| ११ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | नेपाल सरकारको नियमानुसार हुनेछ। | | | |
| १२ | गैर सरकारी संस्था सिफारिस | 1,500.00 | 500.00 | | |
| १३ | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सिफारिस | 2,500.00 | 1,000.00 | | |
| १४ | क्लव दर्ता दस्तुर (तर बाल क्लब दर्ता निशुल्क हुनेछ) | 1,000.00 | 500.00 | | |
| १५ | अन्य संघ संस्था दर्ता सिफारिस | 600.00 | | | |
| १६ | अन्य संघ संस्था दर्ता | 1,000.00 | 500.00 | | |
| १७ | व्यवसाय सम्बन्धी सिफारिस | 300.00 | | | |
| १८ | विद्युत जडानको लागी सिफारिस (दलित, अपांग, अल्पसंख्यक र एकल महिलाका लागि सिफारिस शुल्कमा ५०% छुट हुनेछ।) | 300.00 | | | |
| १९ | घरको नक्सा पास (Darchula Tinkar Road आसपास) | ५/-वर्ग फुट | | | |
| २० | घरको नक्सा पास (Darchula Tinkar Road आसपास बाहेक) | ३/- वर्ग फुट | | | |
| २१ | सर्जमिन मुचुल्का गरेको | 100.00 | | | |
| २२ | परामर्स सेवा दर्ता सिफारिस | 2,000.00 | | | |
| २३ | पशु व्यवसाय फर्म दर्ता | 500.00 | 300.00 | 300.00 | |
| २४ | कोचिङ सेन्टर/ट्यूसन सेन्टर | 2,000.00 | 1,000.00 | 1,000.00 | |
| २५ | न्यायिक समितिमा उजुरी दर्ता दस्तुर | 100.00 | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | मिलापत्र | 500.00 | | | |
| २७ | लिखत प्रतिलिपि प्रतिपाना | 20.00 | | | |
| २८ | टेलिफोन/नेटवर्कको टावर अनुमति शुल्क | 15,000.00 | | | |
| २९ | बोर्डिङ्ग स्कूल अनुमती शुल्क | 10,000.00 | | | |
| ३० | बोर्डिङ्ग स्कूल कक्षा बृद्धि शुल्क | 10,000.00 | | | |
| ३१ | बोर्डिङ्ग स्कूल ठाउँ सारी शुल्क | 5,000.00 | | | |
| ३२ | बोर्डिङ्ग स्कूल वार्षिक सेवा शुल्क (आधार भुत तह) | 3,000.00 | | | |
| ३३ | बोर्डिङ्ग स्कूल वार्षिक सेवा शुल्क (माध्यमिक तह) | 6,000.00 | | | |
| ३४ | मार्गसिट प्रमाणपत्र प्रतिलिपि प्रमाणित | 200.00 | | | |
| ३५ | लघु वित्त कम्पनी वार्षिक कर | 5,000.00 | | | |
| ३६ | सहकारी संस्थाको वार्षिक कर | 500.00 | | | |
| ३७ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (क वर्ग) | 15,000.00 | | | |
| ३८ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (ख वर्ग) | 10,000.00 | | | |
| ३९ | बैंक तथा वित्तिय संस्था वार्षिक कर (ग वर्ग) | 7,000.00 | | | |
| ४० | बैंक तथा वित्तिय संस्था वार्षिक कर (घ वर्ग) | 5,000.00 | | | |
| ४१ | दण्ड जरिवाना | नियमानुसार हुने | | | |
| ४२ | उपरोक्त करका दरहरु बाहेक छुट हुन गएका शीर्षकहरुको हकमा गाउँपालिका अध्यक्ष ज्यूको निर्णयानुसार हुनेछ र उक्त करको दर गाउँकार्यपालिका/गाउँसभाबाट अनुमोदन गर्नुपर्नेछ । | | | | |

**अनुसूची-11**

**११- गिट्टी, बालुवा, ढुङ्गा, खानी उद्योग आदि**

| | |
|---|---|
| १ | गिट्टि, बालुवा, ढुङ्गा, स्लेट, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख, खानी उद्योग, दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर प्रदेश सरकारले तोकेबमोजिम हुनेछ। |

**अनुसूची-12**

**१२- पर्यटन शुल्क तथा पदयात्रा शुल्क**

| | |
|---|---|
| १ | पर्वतारोहण, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले व्यवस्था गरेबमोजिम हुनेछ। |

**अनुसूची-13**

**१3- कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कुखुरापालन व्यवसाय दर्ता | 500.00 | 300.00 | 300.00 | |
| २ | बाख्रापालन व्यवसाय दर्ता | 500.00 | 300.00 | 300.00 | |
| ३ | **चौपाया निकासी कर** | | | | |
| 3.1 | भैसी | 300.00 | | | |
| 3.2 | राँगो | 300.00 | | | |
| 3.3 | खसी | 50.00 | | | |
| 3.4 | बोका | 50.00 | | | |
| 3.5 | भेडा, बाख्रा, चाङ्ग्रा | 50.00 | | | |

आज्ञाले,

भानुभक्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत